चौकुने गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः ७ भागः २ सङ्ख्याः १३ चौकुने,सुर्खेत मितिः२०८०-११-०९

भाग-२

चौकुने गाउँपालिका

## पशुपंन्छी नश्ल सुधार कार्यक्रम कार्यान्यवयन कार्यविधी-२०८०

**पृष्ठभूमी :**

वर्तमान अवस्थामा स्थानीय पशुपन्छीहरुको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा उल्लेख्य रुपमा बृद्धि गर्न उन्नत नश्लका वंशावली अभिलेख भएका बोका/राँगा/साढैँहरुको अपरिहार्यता रहेको छ । प्रस्तावित पशु प्रजनन् नीति अनुसार नश्ल सुधार गर्न बोका/राँगा/साढैं वितरण गर्ने उल्लेख भएको छ । तर सरकारी वा गैरसरकारी निजी क्षेत्रलाई मापदण्ड पुगेका प्रजनन् योग्य उन्नत नश्लका भाले पशुहरुको सहज रुपमा उपलब्धता हुन सकेको छैन । स्थानीय सरकारको पशुपन्छी नश्ल सुधार कार्यक्रमलाई व्यबस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३

दफा ११ को उपदफा (ण) १ बमोजिम चौकुने गाँउपालिका, पशुपन्छी विकास शाखाबाट जारी गरीएको छ ।

## १. प्रारम्भिक

क) सङ्क्षिप्त नाम र प्रारम्भः

१) **यो कार्यविधिको नाम** "पशुपन्छी नश्ल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि –२०८०" रहेको छ ।

(क)यो कार्यविधि चौकुने गाँउपालिका, गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**स्थानीय सरकार**" भन्नाले चौकुने गाँउपालिका सम्झनु पर्नेछ ।

ख) "शाखा" भन्नाले चौकुने गाँउपालिका अन्तर्गतका पशुपन्छी विकास शाखा सम्झनु पर्नेछ ।

३) "कार्यदल" भन्नाले पशुपन्छी विकास शाखा कार्यदल सम्झनु पर्नेछ ।

४) "कार्यविधि" भन्नाले पशुपन्छी नश्ल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि -२०८० सम्झनु पर्नेछ ।

**३. उद्देश्यहरुः**

१) वंशावलीमा आधारित उल्लेख सहीतका उन्नत जातका बोका/राँगा/साढैं उत्पादन तथा वितरण गरी स्थानीय जातका पशुहरुको नश्ल सुधारको प्रविधिबाट उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

२) उपयुक्त र तोकिएका स्रोत केन्द्र,व्यवसायीक पशुपंन्छी फर्म र अन्य सरकारी फार्मबाट कोटेशन विधी द्धारा उन्नत नश्लका बोका/राँगा/साढैंहरुको आपूर्ती गर्ने ।

३) चौकुनेका गाउँपालिकाको पशुपन्छी नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

४. कार्यक्रमको अवधिः यो कार्यक्रम चौकुने गाँउपालिकाले निर्णय गरे बमोजिम सञ्चालन हुनेछ ।

५. कार्यक्रम सञ्चालन गर्ने क्षेत्रहरु : आ.व ०८०/८१ का लागि यो कार्यक्रम निजी/साझेदारी/सामूहिक फर्म, समुह,सहकारीहरुमा सञ्चालन गरीनेछ ।

६. कार्यक्रम सञ्चालनका लागि साझेदारको छनौट प्रक्रिया

१) चौकुने गाँउपालिका/सम्बन्धीत शाखाले अनुसूची १ बमोजिमको प्रस्ताव आव्हान गर्नेछ ।

२)कार्यक्रममा सहभागी हुन इच्छुक निजी/साझेदारी सामूहिक/उद्यमी/ फर्म/ संस्था/सहकारी/समुहले अनुसूची २ अनुसारको निवेदन र अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्ययोजना सहीत सम्बन्धीत कार्यालयमा पेस गर्नुपर्नेछ।

३) प्राप्त निवेदन/प्रस्तावहरुको अनुसूची ४ बमोजिम मूल्याङ्कन गर्न निम्न अनुसारको मूल्याङ्कन समिति रहनेछ ।

१.कार्यपालिकाले तोकेको संयोजक –१

२.कार्यपालिकाले तोकेको सदस्य –१

३. पशुपन्छी विकास शाखा प्रमुख सदस्य सचिव–१

**४. पशुपन्छी नश्ल सुधार सञ्चालक समितिः** स्थानीय स्तरमा कार्यक्रम सञ्चालन,अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्न तथा अनुदान परिचालन गर्न देहाय अनुसारको ३ सदस्यीय सञ्चालक समिति रहनेछ ।

१.कार्यपालिकाले तोकेको संयोजक –१

२.कार्यपालिकाले तोकेको सदस्य –१

३. पशुपन्छी विकास शाखा प्रमुख सदस्य सचिव–१

**५. पशुपन्छी नश्ल सुधार सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारः**

क) पशुपन्छी नश्ल सुधार सञ्चालन गर्न अनुसूची – ५ बमोजिम सम्झौता गर्न सहयोग गर्ने ।

ख) सम्झौता अनुसार पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने

ग) पशुपन्छी विकास शाखाले दिएका सुझावहरु कार्यन्वयन गर्न सहयोग गर्ने

घ) आवश्यकता अनुसार सेवा प्रदान गरीएका सम्पूर्ण अभिलेख व्यवस्थापन गर्न सहयोग गर्ने

**७. सेवा सञ्चालन प्रक्रियाः** यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१. निजी/साझेदार/सामूहिक/सहकारी/फर्म/समूह/संस्था छनौट भई अनुदान प्राप्त गर्नका लागि निम्न बमोजिमका मापदण्ड पूरा गर्नुपर्नेछ ।

क) कुल लागतको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धीत फर्म वा संस्थाले व्यहोर्नु पर्नेछ।

ख) आफ्नो फर्ममा भएका पशुको लागि वर्षैभरि आहाराको सुनिश्चितता भएको हुनुपर्ने ।

ग) प्रजनन्का लागि खरिद गरीने भाले पशुहरु निम्न अनुसारका मापदण्ड पुगेका हुनुपर्नेछ।

१.उन्नत जातको भाले पशुहरु स्रोत केन्द्र,व्यवसायीक पशुपंन्छी फार्म र अन्य सरकारी फर्मबाट मात्र खरिद गरीएको

२. कुनै पनि किसिमको सरुवा रोग र अन्य विकृति नभएको

३. प्रजनन्सँग सम्बन्धीत कुनैपनि विकृति नभएको

२. माथि उल्लेखित मापदण्ड पूरा गरेका फर्म/संस्थाले अनुसूची – ५ अनुसार सम्झौता गरी आवश्यक कागजात सहीत सम्बन्धीत कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ । सम्बन्धीत कार्यालयले सिफारिस सहीत चौकुने गाँउपालिकामा पठाउनु पर्नेछ । सिफारिसलाई आधार मानी गाउँपालिकाले नियमानुसारको रकम सम्बन्धीत फार्मले खोलेको बैंक खातामा जम्मा गरीनेछ ।

३. फार्म वा संस्थाले हरेक महिनाको प्रगति अनुसूची –६ बमोजिमको ढाँचामा पशुपन्छी विकास शाखामा पठाउनु पर्नेछ । र सो शाखाले चौकुने गाँउपालिकामा पठाउनु पर्नेछ ।

८. पशुपन्छीनश्ल सुधार कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित आर्थिक नर्मसः

१. छनौट भएका साझेदारलाई कार्यविधि अनुसार बोकाको हकमा रु

१५ हजार र राँगो/साढेँको हकमा रु ६० हजार सम्म अनुदान दिन सकिनेछ ।

**९. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखांकन, लेखा परीक्षण तथा आर्थिक करोबार गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०५५, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरीने छ ।

**१०. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन चौकुने गाँउपालिका र सम्बन्धीत शाखाले गर्नेछन्। र सोको प्रगति चौकुने गाउँपालिकामा पठाउनु पर्नेछ ।

**११. थपघट वा हेरफेर गर्न सक्नेः**

यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन चौकुने गाउँपालिकाले आवश्यकता अनुसार थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची –१

**पशुपन्छी नश्ल सुधार कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आह्वानको**

**सूचना**

यस कार्यालयको आ.व २०..../......को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छीनश्ल सुधार कार्यक्रम सञ्चालन गर्न फार्म वा संस्थाको अवधारणा अनुरुप पशुपालक निजी/साझेदारी/सामूहिक/सहकारी/उद्यमी/फर्म/समुह /संस्थाले आवेदन पेस गर्नका लागि यो सूचना प्रकाशित गरीएको छ । इच्छुक, निजी,साझेदारी, सामूहिक, सहकारी,समुह,उद्यमी, फर्म, संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम यस कार्यालयमा पेस गर्नुहोला ।

# अनुसूची –२

## पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालनको लागि दिइने आवेदन पत्रको फारम

श्री पशुपन्छी विकास शाखा
चौकुने गाँउपालिकाको कार्यालय
गुट्टु,सुर्खेत

विषयः पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालनको लागि छनौट हुन पाऊँ भन्ने बारे ।

पशुपन्छी विकास शाखाको मिति .........को .............मा प्रकाशीत सूचना अनुसार .................पशुपालक निजी,साझेदारी,सहकारी,समुह,सामूहिक,उद्यमी/फर्म मार्फत कार्यक्रममा संलग्न हुन तीव्र इच्छा भएकोले तपशील अनुसारका कागजात राखी यो निवेदन पेस गरेका छौं । उक्त कार्यक्रम प्राप्त भएका यस सम्बन्धी कार्यविधिमा उल्लेख भएको अनुसार कार्यक्रम सञ्चालन गर्नेछौं । र यस कार्यक्रमको लागि गरीएको सम्झौता तथा मापदण्ड विपरीत गरीएको पाइएमा विद्यमान कानुन बमोजिम कार्वाहीको भागेदारी हुन मंजुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

**तपशिलः**

१. अनुसूची –३ अनुसारको कार्ययोजना ।
२. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि ।
३. पशुपालक निजी, साझेदारी, सहकारी,समुह,सामूहिक, उद्यमी फर्म सम्बन्धीत निकायमा ।
दर्ता भएको प्रमाणको प्रतिलिपि ।

४. संस्थासँग आबद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु

निवेदन दिने फर्मको तर्फबाट

नामः

दस्तखतः

ठेगानाः

मितिः

सम्पर्क नं.:

## अनुसूची –३

## पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालनको लागि सङ्क्षिप्त कार्ययोजना

फर्मको नामः ..................................... फर्मको सम्पर्क नं. ..........................................................

फर्मको ठेगाना ०: जिल्ला...................गा.पा.................वडा नं.......................................................

गाउँ/टोलको नाम ...............फर्म दर्ता प्रमाणपत्र नं....................................................................

फर्म दर्ता गर्ने कार्यालयको नाम/ठेगाना ...........................................................................

फर्मको हाल सम्म गरेका उल्लेखनीय कामहरु.......................................................................

खाता सञ्चालन गर्ने बैंकको नाम/खातावालको नाम .............................................................

कार्ययोजनाको प्रस्तावना ....................................................................................

**उद्देश्यहरुः**

| | पहिलो वर्षको खर्च रु | दोस्रो वर्षको खर्च रु | तेस्रो वर्षको खर्च रु |
|---|---|---|---|
| पूजीगत खर्चका शीर्षकहरु इकाई र परिमाण सहीत | | | |
| चालू खर्चका शीर्षकहरु इकाई र परिमाण सहीत | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा खर्च रु | | | |

**आय व्यय खर्च विवरणः**

| क्र स | आय व्यय खर्च विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
|---|---|---|---|---|
| १ | कुल आय रु | | | |
| २ | कुल खर्च रु | | | |
| ३ | खुद नाफा रु | | | |

परियोजनाको अपेक्षित वार्षिक आम्दानी
क) ................गोटा उन्नत पाठा/पाठी
बिक्री.................................................................................
ख) अन्य बिक्री बाट ...........................................................
परियोजना अवधिको अपेक्षित कुल आम्दानी (३ वर्षको)
क) .................गोटा उन्नत पाठा/पाठी बिक्रीबाट रु....
ख) अन्य बिक्रीबाट रु ..............................
फर्मको तर्फबाट सही गर्नेको
नामः
दस्तखतः
मितिः

# अनुसूची – ४

## पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालनका लागि संस्था वा फर्मको छनौट गर्दा अपानाइने मूल्याङ्कनका आधारहरु

| क्र.स | द. नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्ययोजना (५०) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (२५) | अनुभव/तालिम (२५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

गोठको समूचित व्यवस्थापनमा १५ अङ्क, पशु आहाराको स्रोत व्यवस्थामा १५ अङ्क र कार्ययोजनाको वस्तुगत मूल्याङ्कनमा २० अङ्क दिने ।

छनौट समितिका पदाधिकारहीरुको

नामः पदः ठेगानाः दस्तखतः

१.

२.

३.

# अनुसूची –५

## सम्झौता पत्रको नमूना

चौकुने गाँउपालिकाको प्राविधिक नेतृत्वमा र पशुपन्छी विकास शाखा .............द्वारा सञ्चालन गरीने पशुपन्छी नश्ल सुधारको उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न पशुपन्छी विकास शाखा ......(यस पछि पहिलो पक्ष भनिने) र ........................................निजी/साझेदारी/सामूहिक/समूह/समिति/सहकारी.............(यस पछि दोस्रो पक्ष भनिने) बीच तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही पशुपन्छी नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो।

१. दोस्रो पक्षले पशुको अनिवार्य बिमा गर्नु पर्नेछ।

२. दोस्रो पक्षले हरेक वर्ष आफ्नो फर्ममा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी पशुपन्छीविकास शाखामा प्रस्ताव स्वीकृतिका लागि पेस गर्नु पर्नेछ।

३. दोस्रो पक्षले पशुपन्छी विकास शाखाबाट स्वीकृत कार्यक्रम सञ्चालन गरी खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहीत पेस गरेमा शाखाको प्रमुख वा निजले खटाएको सम्बन्धीत अधिकृतले स्थलगत निरिक्षण गरी प्रमाणित भएपछि विनियोजन भएको अनुदान रकम उक्त खाताम जम्मा गरीदिने छ।

४.प्रथम पक्षले दोस्रो पक्षलाई असल व्यबस्थापन विधी बमोजिम कार्यक्रम सञ्चालनका लागी सरोकारवाला निकायसँग समन्वय गरी बढिमा ३ बर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु पर्नेछ।

५.पहिलो पक्षले सञ्चालित कार्यक्रमको प्रगति सन्तोस जनक नपाएमा तोकिएको अवधी सम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छ

६. दोस्रो पक्षले यस कार्यक्रमको लागि गरीएको सम्झौता तथा माप दण्ड विपरीत गरेको पाएमा विद्यमान कानुन बमोजिम कार्यबाहीको भागेदारी हुनु पर्नेछ ।

**प्रथम पक्ष**

पशुपन्छी विकास शाखाको तर्फबाट

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप

रोहवर

पशुपन्छी विकास शाखा

ाउँपालिकाको कार्यालय

**दोस्रो पक्ष**

फर्म वा संस्थाको तर्फबाट

नामः

ठेगानाः

दस्तखतः

मितिः

फर्मको छाप/औंठा छाप :

रोहवर

नामः

द्रष्टव्यः पशुपन्छी विकास शाखाले आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सक्नेछ ।

# अनुसूची – ६

## पशुपन्छी नश्ल सुधार कार्यक्रमको प्रगती विवरण पठाउने फारमको ढाँचा

............महिना/चौमासिक/अष्ठ मासिकको लक्ष्य र प्रगती

१. फर्म वा संस्थाको नामः सम्पर्क नं.

ठेगानाः जिल्ला

गा.पाः वडा नं. गाउँ/टोलः

२. आ.वः ३. महिनाः ४. प्रगती प्रतिवेदन

अवधिः वार्षिक/अर्धवार्षिक

| क्र.स | कार्यक्रम विवरण | इर्काइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगत | यस महिनाको खर्च | चौमासिक प्रगती | चौमासिक खर्च | हाल सम्मको प्रगती | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आज्ञाले

सुमन आचार्य

प्रमुख प्रशासकीय अधिकृत